बेलका नगरपालिका उदयपुर
राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभाग

# दोस्रो चौमासिक प्रतिवेदन

## आ.व.२०८१/८२

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७२

बेलका नगरपालिका रामपुर,
उदयपुर

पंजिकरण शाखा

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७२

# विषयसूची

................................................................................................................ 3
१. परिचय ................................................................................................................ 1
२. कार्यक्रमको उद्येश्य ................................................................................................................ 1
३. आयोजना अन्तर्गत आ.व. २०८१/८२ को दोस्रो चौमासिकमा सञ्चालन गरिएका कृयाकलापहरु ................................ 3
४. अनुगमन तथा मुल्याङ्कन................................................................................................................ 4
५. कार्यक्रम अन्तर्गत संञ्चालित बैठकहरु................................................................................................ 4
६. कार्यक्रमका समग्र उपलब्धिहरु ................................................................................................ 4
७. हालसम्म भएका मुख्य कामहरु ................................................................................................5
८. शाखाको आ.व. २०८१/८२ को दोस्रो त्रैमासिकको तथ्याङ्कीय विवरण................................................6
९. सामाजिक सुरक्षा भत्ताको अनुमानित विवरण................................................................7
१०. सामाजिक सुरक्षा भत्ता वितरणका केही प्रतिनिधि तस्विरहरुः ................................................ 8
११. कार्यक्रम सञ्चालनमा आईपरेका समग्र समस्याहरुः- ................................................ 9
१२. कार्यक्रमका चुनौतिहरुः- ................................................................................ 9
१३. निष्कर्षः- ................................................................................................ 10

## १. परिचय

विश्वका हरेक राज्यको प्रमुख ध्येय नागरिकको व्यक्तिगत पहिचानसहित सुरक्षा एवं हक हितको प्रवर्द्धन गर्नु हो। प्रत्येक नागरिकलाई राज्यबाट प्रदान गरिने सेवा-सुविधाहरु सरल, सहज र प्रभावकारी हुनुपर्दछ। जवाफदेही र उत्तरदायी हरेको राज्यले जनसेवा बलियो पार्न नागरिकको जनसांख्यिक तथा प्रशासनिक अभिलेख व्यवस्थापन गर्न जरुरी छ। उक्त कार्य राज्य प्रशासनको लागि आधारस्तम्भ हो। नेपालमा नागरिक पहिचानको मुख्य आधारको तथा जन्म दर्ता एवं नेपाली नागरिकताको प्रमाणपत्रलाई विगत लामो समयदेखि लिईदै आएको छ। प्रविधिमैत्री प्रणालीको अभावमा एउटै व्यक्तिका विभिन्न ठाँउमा फरक फरक पहिचान प्रयोग गर्नुपर्ने अवस्था रहेकोहुँदा फरक फरक परिचयपत्रलाई एकीकृत गरी जैविक विवरण सहितको एउटै परिचय नंबर प्रयोग एवं अभिलेख राख्नुपर्ने आवश्यकता महशुस हुन गयो र यसै आवश्यकतालाई मध्यनजर गर्दै २०७५ साल आश्विन २८ गते नेपाल सरकारद्वारा राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको स्थापना भयो र हाल नेपालका सबै स्थानिय तहमा सेवा इकाई स्थापना गरी हाल सामाजिक सुरक्षा तथा पंजिकरण सम्बन्धि व्यवस्थापनका कार्य भइरहेकोछ। साथै राष्ट्रिय परिचयपत्र सम्बन्धी दर्ता शिविर सबै जिल्लामा सम्पन्न गर्ने तयारी समेत भईरहेकोछ।

जन्म,मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन २०३३ तथा त्यसको कार्यान्वयनको लागि बनेको नियमावली,२०३४ को प्रावधान बमोजिम जन्म,मृत्यु,विबाह,बसाइसराई,सम्बन्ध विच्छेद गरी पाँच प्रकारका घटना दर्ता गराउनु पर्ने प्रावधान छ। गाँउपालिका/नगरपालिकाको वडा स्तरमा स्थानीय पंजिकाधिकारीको कार्यालय स्थापना गरी व्यक्तिगत घटना दर्ता हुँदै आएको सन्दर्भमा नेपाल सरकारले गरेको अन्तराष्ट्रिय प्रतिवद्धता अनुसार सन् २०२४ सम्ममा सबै प्रकारका व्यक्तिगत घटना दर्तालाई शत प्रतिशत पुर्याउने लक्ष्य लिएको थियो। २०६८ को जनगणना अनुसार नेपालमा ६४ प्रतिशत घटना मात्र समयमा दर्ता हुने गरेका छन्। दर्ता भएका घटनाको विश्लेषणबाट शासन सञ्चालन तथा विकाश व्यबस्थापनको लागि आवश्यक तथ्याङ्कीय विवरणहरु उपलब्ध गराउने संस्थागत व्यवस्था कायम गर्न थप काम गर्नुपर्ने आवश्यक देखिन्छ। आर्थिक बर्ष २०७३/७४ मा बाईस लाख भन्दा बढी लाभग्राहीलाई राज्यद्वारा उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा भत्ता लाभग्राहिको संख्या बढेसँगै यथार्थपरक ढंगले तोकिएको समयमा सहज तरिकाले वितरण गर्ने गरी सामाजिक सुरक्षा भत्ता व्यबस्थापन सम्बन्धी कार्यलाई सुदृढीकरण गर्न आवश्यक देखिएको छ। यस पृष्ठभुमीमा राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको दीर्घकालिन योजना समेतको आधारमा नेपाल सरकार र विश्व बैंक बीच भएको सम्झौता अनुसार सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना प्रभावकारी रुपमा सञ्चालानार्थ रहेको छ।

यस आयोजना अन्तर्गत राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागले ७५३ पालिकामा नै सेवा इकाई स्थापना गराउनको लागी सेवा इकाईका लागि जनशक्ति छनौट सम्बन्धि मापदण्ड २०७६ को परिच्छेद ३ मा रहेर यस बेलका नगरपालिकाको सेवा इकाईको लागी २ जना एम.आई.एस अपरेटर र १ फिल्ड साहायक गरि जम्मा ३ जना कर्मचारी मिति २०७६ साल मंसिर १ गते देखि नियुक्ति गरि घटना दर्ता तथा सामाजिक सुरक्षामा नबिन परिबर्तनका लागी कार्य भार सुम्पिएको थियो।

## २. कार्यक्रमको उद्येश्य

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोना उधेश्यहरु तपशिल बमोजिम रहेका छन:

१. आयोजनाको मूल उधेश्य सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ताको विस्तार गर्ने र सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीमा सुधार ल्याउने रहेको छ।
२. सामाजिक सुरक्षा भत्ता वितरणमा सहजता ल्याउन।
३. ब्यक्तिगत घटना दर्ता (Online System) प्रणालीलाई निरन्तर रुपमा चलिरहने ब्यवस्था मिलाउन।
४. स्थानीय तहमा आउने सामाजिक सुरक्षा लाभग्राहीको गुनासो सम्बोधन गर्न।
५. बैंकीङ्ग प्रणाली मार्फत निरन्तर रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने ब्यवस्था मिलाउन।
६. विभिन्न किसिमका ब्यक्तिगत घटना दर्ता किताबलाई डिजिटाइजेशन गर्न।
७. EFT मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने।
८. सामाजिक सुरक्षा भत्ता प्राप्तिका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने।
९. राष्ट्रिय परिचयपत्र दर्ता स्टेशन पालिका स्तरबाट नै संचालन गर्ने।
१०. सामाजिक सुरक्षा भत्ताका सेवाग्राहीको सामाजिक सुरक्षा भत्ता नविकरणका लागि वायोमेट्रिक प्रणाली लागू गर्ने।

## ३. आयोजना अन्तर्गत आ.व. २०८१/८२ को दोस्रो चौमासिकमा सञ्चालन गरिएका कृयाकलापहरु

१. चालु आ.व.को शुरुमा बेलका नगरपालिका भित्रका सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुलाई समयमै नविकरण गर्नको लागी स्थानिय पत्र पत्रिका तथा स्थानिय संञ्चार माध्यमबाट सुचना जारी गरिएको।

२. नविकरणका लागि वायोमेट्रिक यन्त्रको प्रयोग आंसिकरुपमा मात्र सफल भएको।

३. वडा नं १ देखि वडा नं ९ सम्मका वडा सचिव ज्यूहरुको माग अनुसार घट्ना दर्ता विवरण खोजी तथा घट्ना दर्ता र सामाजिक सुरक्षा सम्बन्धि अनलाईन प्रणाली संचालनमा सहजिकरण गरिरहेको ।

४. बेलका नगरपालिका बाट बितरण भईरहेको सामाजिक सुरक्षा भत्ता लाई लाभग्राहि हरुको सहजतालाई मध्यनजर गरि वडा स्तरको बिभिन्न टोल-टोल मा गई सामाजिक सुरक्षा भत्ता गत चौमासिक जस्तै गरी वितरण गरिएको।

५. वडा नं ३, २, ५, र १ मा वडा सचिवको आवश्यकता रहेकोहुँदा उक्त वडामा पंजिकरण शाखाका कर्मचारी मार्फत जिम्मेवारी पुरा गरिएको।

६. वडा नं ९ को सामाजिक सुरक्षा भत्ता सम्बन्धि सम्पूर्ण कार्य पंजिकरण शाखाबाट नै संचालन गरिएको|

७. मृतक/सम्पर्कमा नआएका सामाजिक सुरक्षा भत्ता खाने लाभग्राहीहरुको विवरण सिस्टम बाट लगत कट्टा गरिएको|

८. वडा बाट माग भएका मासिक औषतरुपमा १०० हाराहारीका तथ्याङ्क, पुराना घट्ना दर्ता को विवरण खोजी तथा सर्जमिनका लागि अनुरोध गरिएको|

९. सामाजिक सुरक्षा भत्ता लिई राख्नु हुने लाभग्राहीको मृत्यु भएमा वडा बाट आएको मृतक को सिफारिसमा रकम उल्लेख गरी बैंक पठाईएको|

१०. सामाजिक सुरक्षा भत्तालाई थप पारदर्शी तथा व्यवस्थित पार्नका लागि समाजिक सुरक्षा भत्तालाई पूर्णरुपमा **EFT** मार्फत वितरण गर्न थालिएको।

११. सामाजिक सुरक्षा भत्ता सेवाग्राहीका नाममा रही खाता निष्कृय भएका खाताको रकम कोष तथा लेखा नियन्त्रकको कार्यालयमा फिर्ता गर्नका लागि तयारी भै रहेको।

**आयोजनामा कार्यरत जनशक्ति**

१. एम. आइ. एस. अपरेटर २ जना (अम्बिका निरौला र रबिन तामाङ)
२. फिल्ड सहायक १ जना (अमर शिवाकोटी)

## ४. अनुगमन तथा मुल्याङ्कन

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना अन्तर्गत सञ्चालन गरिएका वडा स्तरका शिविर कार्यक्रमहरु संचालनको क्रममा विच विचमा शाखा बाट अनुगमन गरेकोमा कार्यक्रमको अन्त्यमा नगरकार्यपालिकाको प्रमुख उपप्रमुख वडाध्यक्ष,वडासदस्य, प्रमुख प्रशासकीय अधिकृत लगायत संचार क्षेत्र संग सम्बन्धीत विभिन्न पत्रकारहरुले संयुक्त रुपमा निरन्तर अनुगमन भैरहेको छ।

## ५. कार्यक्रम अन्तर्गत संञ्चालित बैठकहरु

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना अन्तर्गत यस बेलका नगरपालिकामा यस आयोजना अन्तर्गतको समिति नरहेता पनी आबश्यकता अनुसार सामाजिक सुरक्षा भत्ता वितरण, घट्ना दर्ता सहजिकरण, राष्ट्रिय परिचयपत्र दर्ता संचालन सम्बन्धमा, वायोमेट्रिक डिभाईस खरिद सम्बन्धमा प्रशासन तथा नगर प्रमुख तथा उपप्रमुख ज्यूहरुसँग छलफल गरियो।

## ६. कार्यक्रमका समग्र उपलब्धिहरु

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना अन्तर्गत आ.व २०८१/८२ को दोस्रो चौमासिकमा मा सञ्चालन गरिएका कार्यक्रमहरुको मुख्य मुख्य उपलब्धिहरु निम्न बमोजिम रहेका छनः-

१. विधुतिय प्रणालि ( EFT)बाट सामाजिक सुरक्षा भत्ता वितरण गरिएको।
२. सामाजिक सुरक्षा भत्ता नविकरणका लागि Biometric Device खरिद प्रकृयाको लागि प्रारम्भिक कार्य थालनी।
३. सामाजिक सुरक्षा भत्ता वितरणमा बैंकबाट टाढा तथा भौतिकरुपमा विकट वडाहरुमा पंजिकरणका कर्मचारी र बैंक कर्मचारीद्वारा घुम्ती बैंकिङ सेवा संचालन गरिएको।
४. राष्ट्रिय परिचयपत्र दर्ता स्टेशन संचालनका लागि प्रारम्भिक तयारी।
५. मृतक सामाजिक सुरक्षा भत्ता सेवाग्राही पहिचान गरी लगत कट्टा तथा विवरण अध्यावदिक।

## ७. हालसम्म भएका मुख्य कामहरु

१ . २०७६ मंसिर, सेवा इकाई स्थापना
२. जना एम.आइ.एस. अपरेटर र १ जान फिल्ड सहायकको नियुक्ति
३ . २०७६ मंसिर, बेलका नगरपालिका, सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा अन्तर्गत रहेर कामकाज शुरु,
४ . बेलका नगरपालिका का ९ ओटा वडाहारुको सम्पूर्ण सामाजिक सुरक्षा भत्ता लाभग्राहीको तिन पुस्ते विवरण अद्यावधिक गरिएको।

५ . राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग बाट विभिन्न समयमा जारी भएका परिपत्र हरुको कार्यान्वयन गरिएको।

६ . सामाजिक सुरक्षा ऐन २०७५ तथा सामाजिक सुरक्षा नियमावली, २०७६ मा भएको परिवर्तित व्यवस्था अनुरुप सामाजिक सुरक्षा लाभग्राहीको स्टिकर निकाल्ने र वडा कार्यालयहरुमा वितरण गरिएको।

७ . ऐन तथा कानून अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न अयोग्य तर लाभ ग्रहण गरिरहेका लाभग्राहीहरुको नियमित रुपमा ऐनबमोजिम लगत कट्टा गर्ने कार्य गरिरेको।

८ . सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा निकाशा गरिएको र त्रैमासिक तथा बार्षिक प्रगती प्रतिवेदन विभागमा पेश गरिएको।

९. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई पूर्ण अनलाईन प्रणालीमा सुरुवात गरी LISA मा सतप्रतिशत अंक ल्याउन सफल।

१०. वडा कर्मचारीहरुलाई नितिगत तथा प्राविधिक सहयोग दैनिक प्रतक्ष्य रुपमा गरिरहेको।

११. सामाजिक सुरक्षा भत्तालाई EFT मार्फत सफलरुपमा वितरण गरिएको।

१२. सामाजि सुरक्षा भत्ताको लागि अनिवार्य गरिएको राष्ट्रिय परिचयपत्रको अनलाईन दर्ता स्टेशन शाखाबाट नै संचालन गरिएको।

८. शाखाको आ.व. २०८१/८२ को दोस्रो त्रैमासिकको तथ्याङ्कीय विवरण

बेलका नगरपालिकाको आ.व. २०८१/८२ दोस्रो चौमासिक को पञ्जीकरणको तत्थ्याङ्कीय वितरण
उदयपुर जिल्ला बेलका नगरपालिकाको दर्ता मिति:-२०८१-०८-०१ देखि २०८१-१२-०३ सम्म

| वडा नं. | जन्म | | | मृत्यु | | | विवाह | सम्बन्ध विच्छेद | बसाई सरि जाने | | बसाईसरि आएको | | वेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जन्मा | जम्मा | जम्मा | आएको दर्ता संख्या | आएको सदस्य संख्या | दर्ता संख्या | सदस्य संख्या | | |
| १ | ११ | ११ | ३८ | ५ | ८ | १३ | ११ | १ | ६ | २६ | ८ | २५ | * | ७७ |
| २ | १८ | १३ | ३१ | १२ | ६ | १८ | १६ | १ | १६ | ३६ | ७ | १५ | * | ८१ |
| ३ | ११ | २० | ३१ | ७ | ५ | १२ | १० | ६ | १२ | २८ | १ | २२ | * | ८० |
| ४ | १५ | १३ | २८ | ४ | ४ | ८ | १३ | ३ | ८ | २७ | ५ | १२ | * | ६५ |
| ५ | २३ | २४ | ४७ | १० | ७ | १७ | २० | २ | १० | ३२ | ७ | २३ | * | १०३ |
| ६ | १७ | १६ | ३३ | ६ | ५ | ११ | ८ | १ | ३ | ६ | ५ | १३ | * | ६१ |
| ७ | १३ | १८ | ३१ | ५ | २ | ७ | ५ | ३ | २ | ३ | ७ | २२ | * | ५५ |
| ८ | १७ | ११ | ३६ | २ | ४ | ६ | १३ | ३ | १० | ३३ | - | - | * | ६८ |
| ९ | १५ | १४ | २९ | २ | ६ | ८ | १० | ५ | १८ | ४६ | ६ | ९ | * | ७६ |
| जम्मा | १४८ | १५६ | ३०४ | ५३ | ४७ | १०० | १०६ | २५ | ८५ | २३७ | ५४ | १४१ | * | ६७४ |

## ९. सामाजिक सुरक्षा भत्ताको अनुमानित विवरण

बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर कोशी प्रदेश, नेपाल २०७३


### अनुसूची ४
### दफा ७ सँग सम्बन्धित
### अनुमानित बजेट प्रतिवेदन


जिल्ला : उदयपुर गा.पा/न.पा. : वेलका आर्थिक वर्ष : २०८१/८२ अबधिको किसिम : त्रैमासिक किस्ता : दृवितीय

| वडा नं. | अन्य जेष्ठ नागरिक भत्ता | | जेष्ठ नागरिक भत्ता (दलित) | | जेष्ठ नागरिक एकल महिला | | विधवा (आर्थिक सहायता) | | क बर्ग | | ख बर्ग (आर्थिक सहायता) | | दलित बालबालिका | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | ३८९ | ४६२५३२४ | ४५ | ३५३२४८ | ३३ | २६३३४० | ८२ | ६४६३८० | ५ | ५९८५० | ३४ | २१७०५६ | ५३ | ७६७५० | ६४१ | ६२४१९४८ |
| २ | ४६४ | ५५३३५६० | २४ | १९१५२० | ५९ | ४७०८२० | ८९ | ७१०२२० | २४ | २८३५५६ | ४४ | २७८७६८ | २४ | ३७०६३ | ७२८ | ७५०५५०७ |
| ३ | ४७१ | ५६३२००० | १९ | १४८९६० | ४६ | ३६४४२० | १०५ | ८३२५८० | १९ | २२७४३० | ५९ | ३७६६५६ | ५० | ७४४६२ | ७६९ | ७६५६५०८ |
| ४ | ३९० | ४६७२००० | ५६ | ४४६८८० | २३ | १८३५४० | ५१ | ४०१६६० | ९ | १०७७३० | ३२ | २०४२८८ | १०६ | १६३०४५ | ६६७ | ६१७९१४३ |
| ५ | ५१२ | ६११११९८० | ७४ | ५९०५२० | ५५ | ४३८९०० | ७५ | ५९५८४० | २१ | २५१३७० | ५१ | ३२५५८४ | १०५ | १५९६५१ | ८९३ | ८४७३८४५ |
| ६ | २८८ | ३४२९३२० | २३ | १८३५४० | २१ | १६७५८० | ६७ | ५३४६६० | ११ | १३१६७० | ४२ | २६८१२८ | २८ | ४४०६४ | ४८० | ४७५८९६२ |
| ७ | २१८ | २६०२६६० | २ | १५९६० | १३ | १०३७४० | २९ | २३१४२० | ९ | १०७७३० | १९ | १२१२९६ | ७ | ११९७२ | २९७ | ३१९३९७८ |
| ८ | २७१ | ३२४०१३३ | ८ | ६३८४० | ४३ | ३४३१४० | ८२ | ६४६३८० | १० | ११९७०० | ३१ | १९७९०४ | १३ | १९८५४ | ४५८ | ४६३०९५१ |
| ९ | ३२६ | ३९०९३२० | ५० | ३९६३४० | २८ | २२३४४० | ७३ | ५८२५४० | १३ | १५५६१० | २७ | १७२३६८ | १११ | १७०८७८ | ६२८ | ५६१०४९६ |
| जम्मा | ३३२९ | ३९७५६२९७ | ३०१ | २३९०८०८ | ३२१ | २५५८९२० | ६५३ | ५१८१६८० | १२१ | १४४४६४६ | ३३९ | २१६२०४८ | ४९७ | ७५६९३९ | ५५६१ | ५४२५१३३८ |

Signature

१०.सामाजिक सुरक्षा भत्ता वितरणका केही प्रतिनिधि तस्विरहरुः







११. **कार्यक्रम सञ्चालनमा आईपरेका समग्र समस्याहरु:-**

राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको मुख्य उद्धेश्य भनेको प्रविधिको अतिकम प्रयोग गरी डिजिटल प्रणालीको विकास गर्नु हो । हाल घट्ना दर्ताको हकमा अवस्था सहज भएता पनि सामाजिक सुरक्षा भत्ता प्रणाली र राष्ट्रिय परिचयपत्रको प्रणालीलाई एक आपसमा Synchronise गरी संचालन गर्दा प्रणालीमा विभिन्न किसमका समस्याहरु आईपरीरहेका छन । जसले गर्दा सेवाग्राही तथा कार्यालयले सेवा लिने तथा सेवा प्रवाह गर्ने कार्यमा चुनौती आईरहेकाछन । नेपाल सरकारको योजना अनुसार सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने सम्बन्धि विविध समस्याहरु आईरहेका छन् । यसले कार्यालय तथा सेवाग्राहीमा थप अन्योल सिर्जना गरिरहेको छ ।

१२. **कार्यक्रमका चुनौतिहरु:-**

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना प्रभावकारि रुपमा सञ्चालन गर्नका लागी देहाय बोजिमका समस्याहरु देखा परेका छनः-

१. सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिनु तर राष्ट्रिय परिचयपत्र प्राप्त गर्नका लागि जिल्ला प्रशासन नै पुग्नु पर्ने अवस्था रहेको ।
२. सामाजिक सुरक्षा भत्ता नविकरण तथा पेश गर्दा वायोमेट्रिक अनिवार्य गरिएता पनि सर्भर समस्या पूर्णरुपमा हल नभएकोहुँदा सेवा प्रभाहमा असहज भएको ।
३. पंजिकरण शाखा संचालनका लागि विभागबाट आंशिकरुपमा मात्र वजेट प्राप्त हुनेभएकोहुँदा योजनावद्धरुपमा काम कार्वाही गर्न समस्या भएको ।

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७३

१३. **निष्कर्ष**:-

बेलका नगरपालिका साविकका रामपुर ठोक्शिला, मैनामैनी, कटुञ्जे बबला र तपेश्वरी गा.वि.स मिलेर बनेको नगरपालिका हो । यस सेवा ईकाई स्थापना भईसकेपछि विभिन्न वडामा रहेको घट्ना दर्ता पुस्तकहरु सङ्कलन तथा कोड गरी विभागमा विवरण पेश गरीएको छ जसले हाल घटना दर्ता अनलाईन प्रणालीबाट सुरुवात गर्नको लागि ठूलो टेवा पुगेकोछ । हाल यस बेलका नगरपालिकाको सबै वडालाई नेपाल सरकारको निती अनुसार घट्ना दर्ता प्रणालीलाई अनलाईन माध्यमद्वारा संचालन गरिएको छ ।

त्यसैगरी सामाजिक सुरक्षा भत्ता समेत पूर्णरुपमा बैंककिङ प्रणालीमा लगिएको छ । यसबाट राज्यलाई मृतक तथा अन्य परिचय नखुलेको लाभग्राहीहरुको रकम चुहावट हुन रोकिएकोछ । हाल सम्म बेलका नगरपालिका वडा न १ देखि वडा नं ९ सम्मको सामाजिक सुरक्षा भत्ता कुमारी बैंक लि. रामपुर शाखाबाट वितरण गरिन्छ ।

यस आ.व २०८०/८१ बाट बैंकिङ प्रणालीको आधुनिक तथा वैज्ञानिक प्रणाली मानिएको EFT प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने उद्धेश्य राखिएकोमा सो उद्धेश्य पूर्णरुपमा प्राप्त गरिएको छ ।

साथै गत आ.व. मा सामाजिक सुरक्षा भत्ता नविकरणका लागि अझ प्रभावकारी बनाउन विभागसँग Finger print स्क्यानर माग गर्ने र प्रत्येक लाभग्राहीको जैविक विवरण लिने योजना रहेकोमा हाल Finger print स्क्यानर पालिका तथा सम्पूर्ण वडाका लागि खरिद गर्ने तयारी रहेको छ ।

राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएसँगै यसको प्राप्तीका लागि स्थानीय तहले सेवाग्राहीलाई सहजिकरण गरेमामात्र यस कार्यले पूर्णता पाउने अवस्था रहेको छ ।